# भाग २

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०७३ को ऐन नं. ४

## आर्थिक वर्ष २०७३/७४ को सेवा र कार्यहरुको लागि संघीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : आर्थिक वर्ष २०७३/७४ को सेवा र कार्यहरुको लागि संघीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका–संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "विनियोजन ऐन, २०७३" रहेको छ।

(२) यो ऐन सम्वत् २०७३ साल साउन १ गतेदेखि लागू हुनेछ।

२. आर्थिक वर्ष २०७३/७४ को निमित्त संघीय सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : (१) आर्थिक वर्ष २०७३/७४ को निमित्त अनुसूची–१ बमोजिम संघीय सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची–२

को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रु. ९,८२,६३,४१,१४,०००।- (अक्षरेपी नौ खर्ब बयासी अर्ब त्रिसठ्ठी करोड एकचालीस लाख चौध हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संघीय सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सञ्चित कोषको व्यवस्था र सञ्चालन नभएसम्मको लागि प्रदेश सञ्चित कोष वा प्रदेश सरकारी कोषबाट व्यय हुने रकम संघीय सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजन : (१) यस ऐनद्वारा संघीय सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७३/७४ को निमित्त अनुसूची–२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची–२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा नेपाल सरकारले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश

प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ५०१ देखि ६०२ सम्म विनियोजन भएको रकम अनुदान संख्या १०१ देखि ६०२ सम्म जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

४. <u>स्थानीय निकायलाई दिइने निःशर्त अनुदान सम्बन्धी व्यवस्था</u> : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकायलाई जाने निःशर्त अनुदानको अख्तियारी अर्थ मन्त्रालयले स्थानीय निकायलाई दिनेछ। यस्तो रकमबाट भएको खर्चको अनुगमन र केन्द्रीय लेखा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गर्नु पर्नेछ ।

अनुसूची - १

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

संघीय सञ्चित कोषमाथि व्ययभार हुने रकम

रु. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | १०१ | राष्ट्रपति | ६६०९ | ० | ६६०९ |
| २ | १०२ | उपराष्ट्रपति | ५७८५ | ० | ५७८५ |
| ३ | २०२ | व्यवस्थापिका - संसद | १३२०७ | ० | १३२०७ |
| ४ | २०४ | अदालत | ३८७७५ | ० | ३८७७५ |
| ५ | २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ७९९९ | ० | ७९९९ |
| ६ | २०८ | महालेखा परीक्षकको कार्यालय | १९२६ | ० | १९२६ |
| ७ | २१० | लोक सेवा आयोग | ७११० | ० | ७११० |
| ८ | २१२ | निर्वाचन आयोग | ५३०६ | ० | ५३०६ |
| ९ | २१४ | राष्ट्रिय मानव अधिकार आयोग | ५४१० | ० | ५४१० |
| १० | ५०२ | अर्थ मन्त्रालय आन्तारिक ऋण - भुक्तानी | १७३२८४४१ | १८००८६६० | ३५३३७१०१ |
| ११ | ५०३ | अर्थ मन्त्रालय वैदेशिक ऋण भुक्तानी - (बहुपक्षीय) | ४७६०३०३ | २१३२३९४५ | २६०८४२४८ |
| १२ | ५०४ | अर्थ मन्त्रालय वैदेशिक ऋण भुक्तानी - (द्वीपक्षीय) | ६००५९१ | ४१४३१७३ | ४७४३७६४ |
| १३ | ६०२ | अर्थ मन्त्रालय- विविध (न्याय परिषद्, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोगका प्रमुख एवं पदाधिकारीहरु र प्रदेश प्रमुखहरुलाई दिइने पारिश्रमिक तथा सुविधाको रकम र कार्यालयको प्रशासनिक व्यय समेत) | ३०००० | ० | ३०००० |
| | | जम्मा | २२८११४६२ | ४३४७५७७८ | ६६२८७२४० |

## अनुसूची -२

(दफा २ र ३ सँग सम्बन्धित)

### संघीय सञ्चित कोषबाट विनियोजन हुने रकम

रु हजारमा .

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | १०१ | राष्ट्रपति | ७९००८ | २००६०० | ० | २७९६०८ |
| २ | १०२ | उपराष्ट्रपति | २४२९८ | ५३५० | ० | २९६४८ |
| ३ | २०२ | व्यवस्थापिका - संसद | १३६६७२६ | ४०६२३ | ० | १४०७३४९ |
| ४ | २०४ | अदालत | ३१५००७३ | ९५५७४६ | ० | ४१०५८१९ |
| ५ | २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ८२८७४२ | २७५०५५ | ० | ११०३७९७ |
| ६ | २०८ | महालेखा परीक्षकको कार्यालय | ३३९९५५ | १८०००० | ० | ५१९९५५ |
| ७ | २१० | लोक सेवा आयोग | ५२५०४५ | ५६४९६ | ० | ५८१५४१ |
| ८ | २१२ | निर्वाचन आयोग | ४८४८९८ | १०१३२० | ० | ५८६२१८ |
| ९ | २१४ | राष्ट्रिय मानव अधिकार आयोग | १५९२८६ | ३००० | ० | १६२२८६ |
| १० | २१६ | महान्यायाधिवक्ताको कार्यालय | ५४७१९८ | २१२००० | ० | ७५९१९८ |
| ११ | २१८ | न्याय परिषद् | ५०४९४ | ९४५ | ० | ५१४३९ |
| १२ | ३०१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५४४६५२०३ | ३५२७५७४५ | ० | ८९७४०९४८ |
| १३ | ३०५ | अर्थ मन्त्रालय | ९४८८५४५ | २००६४७५ | ० | ११४९५०२० |
| १४ | ३०६ | आपूर्ति मन्त्रालय | ८६६३४७ | ५८८१० | ० | ९२५१५७ |
| १५ | ३०७ | उद्योग मन्त्रालय | ३२२३९१९ | ३८३१७४८ | ० | ७०५५६६७ |
| १६ | ३०८ | उर्जा मन्त्रालय | ९२४४३८ | ८१५३७८९ | ४१२२५०० | १३२००७२७ |
| १७ | ३११ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २०९५९० | ४८०७ | ० | २१४३९७ |
| १८ | ३१२ | कृषि विकास मन्त्रालय | २३६१५५७० | ३८२२६९१ | ० | २७४३८२६१ |
| १९ | ३१३ | खानेपानी तथा सरसफाई मन्त्रालय | १३२२४६७ | २०७५१९१३ | ० | २२०७४३८० |

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| २० | ३१४ | गृह मन्त्रालय | ३८७९२३४३ | ५६०५७८८ | ० | ४४३९८१३१ |
| २१ | ३२५ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ४३८०६६१ | १५३२३१७ | ० | ५९१२९७८ |
| २२ | ३२६ | परराष्ट्र मन्त्रालय | ३३४०७२४ | २३०२२४७ | ० | ५६४२९७१ |
| २३ | ३२७ | पशुपंक्षी विकास मन्त्रालय | ६५२९५१५ | १९३६०४६ | ० | ८४६५५६१ |
| २४ | ३२९ | वन तथा भूसंरक्षण मन्त्रालय- | ८६३४४९७ | ५१३७६९९ | ० | १३७७२१९६ |
| २५ | ३३० | वाणिज्य मन्त्रालय | ४१८५०४ | ९२०८८१ | ० | १३३९३८५ |
| २६ | ३३१ | जनसंख्या तथा वातावरण मन्त्रालय | ७२१६१३१ | १११७८४१ | ० | ८३३३९७२ |
| २७ | ३३२ | विज्ञान तथा प्रविधि मन्त्रालय | ३५०२२२ | ५०४०१६ | ० | ८५४२३८ |
| २८ | ३३६ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ४७१६०५३ | १०९९०४७ | ० | ५८१५१०० |
| २९ | ३३७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ६५१०८७८ | ७२६७५९७० | ० | ७९१८६८४८ |
| ३० | ३४० | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | २१८४५७६ | २३६०७९ | ० | २४२०६५५ |
| ३१ | ३४३ | युवा तथा खेलकुद मन्त्रालय | २२०२४६५ | १९७९६३ | ० | २४००४२८ |
| ३२ | ३४५ | रक्षा मन्त्रालय | ३२६१३८८५ | ३४०४१२० | ० | ३६०१८००५ |
| ३३ | ३४७ | सहरी विकास मन्त्रालय | ४४५५४३४ | १९०४९८०३ | ० | २३५०५२३७ |
| ३४ | ३४९ | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | १०६१५२३ | २०७४९२३ | ० | ३१३६४४६ |
| ३५ | ३५० | शिक्षा मन्त्रालय | ११६१३४१९८ | २२६४५१ | ० | ११६३६०६४९ |
| ३६ | ३५२ | सहकारी तथा गरिबी निवारण मन्त्रालय | १५८८२४१ | ९०८२५ | ० | १६७९०६६ |
| ३७ | ३५६ | सामान्य प्रशासन मन्त्रालय | ९२०७५४ | ३७०८९ | ० | ९५७८४३ |
| ३८ | ३५७ | सिंचाइ मन्त्रालय | १४४२८२८ | २३०१९२७७ | ० | २४४६२१०५ |
| ३९ | ३५८ | सूचना तथा सञ्चार मन्त्रालय | ३६१३००४ | ५१८७२० | ० | ४१३१७२४ |
| ४० | ३६५ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | ८८८३४४६६ | २७९०३४४२ | ० | ११६७३७९०८ |

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| ४१ | ३७० | स्वास्थ्य मन्त्रालय | ३५२०७५८७ | ५३५५४४० | ० | ४०५६३०२७ |
| ४२ | ३७१ | श्रम तथा रोजगार मन्त्रालय | ८६९४८६ | २०६२४६ | ० | १०७५७३२ |
| ४३ | ३९१ | राष्ट्रिय योजना आयोगको सचिवालय | १०३७५०३ | ६६९८२ | ० | ११०४४८५ |
| ४४ | ५०१ | अर्थ मन्त्रालयवित्तीय - व्यवस्था | ० | ० | ७२२१२६२२ | ७२२१२६२२ |
| ४५ | ६०१ | अर्थ मन्त्रालयकर्मचारी - सुविधा तथा सेवानिवृत्त सुविधा | ७६१८४००० | ० | ० | ७६१८४००० |
| ४६ | ६०२ | अर्थ मन्त्रालय- विविध (राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोग समेत) | ४३४४१३८७ | ६०७९०००० | ० | १०४२३१३८७ |
| | | जम्मा | ५९४३५२६६७ | ३११९४६३२५ | ७६३३५१२२ | ९८२६३४११४ |

**आज्ञाले,**
**टेकप्रसाद ढुङ्गाना**
**नेपाल सरकारको सचिव**

प्रमाणीकरण मिति : २०७३।३।३०



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. २०।-
गो.हु.द.नं. १६।२०६२।६३